# छात्रवृत्ति सम्बन्धि कार्यविधि

## २०८१

# नामखा गाउँपालिका

## याल्वाङ् हुम्ला

प्रेम बहादुर लामा
अध्यक्ष

नाम्खा गाउँपालिका

छात्रवृत्ति सम्बन्धी कार्यविधि २०८१

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०८१।३।१०

प्रमाणित मितिः२०८१।४।२

प्रस्तावना

गाउँपालिकाबाट गाउँपालिकाका भित्रको जनशक्तिको आवश्यकता विश्लेषणको आधारमा विभिनन् विषायमा दिइने छात्रवृत्तिलाई व्यवस्थित गर्न बाञ्छनिय भएकाले नाम्खा गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नामः "नाम्खा गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी कार्यविधि २०८१" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२. परिभाषाः

(क) "छात्रवृत्ति" भन्नाले कुनै अध्ययन अनुसन्धान तालिम वा प्रशिक्षणका लागि गाउँपालिकाले उपलब्ध गराएको आर्थिक अनुदान वा सुविधा गाउँपालिकालाई संघीय सरकार, प्रदेश सरकार वा कुनै शैक्षिक संस्था र गैह्य सरकारी संस्थाले उपलब्ध गराएका आर्थिक अनुदान वा सुविधा वा प्राविधिक सहायता सम्झनु पर्छ ।

(ख) "सरकार" भन्नाले सामान्यतया नाम्खा गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्छ र सो शब्दले संघीय सरकार र प्रदेश सरकारलाई समेत जनाउने छ ।

(ग) "गाउँपालिका" भन्नाले नाम्खा गाउँपालिका सम्झनु पर्छ ।

(घ) "छात्रवृत्ति निर्धारण समिति" भन्नाले नियम ६ बमोजिमको छात्रवृत्ति निर्धारण समिति सम्झनु पर्छ ।

(ङ) "छनौट समिति " भन्नाले नियम ८ बमोजिमको छात्रवृत्ति छनौट समिति सम्झनु पर्छ ।

(च) "मूल विषय" भन्नाले छात्रवृत्तिको लागि दरखास्त आव्हान गर्दा सार्वजनिक रुपमा प्रकाशन गरिएको सूचनामा तोकेको विषय सम्झनु पर्छ ।

(छ) "प्राविधिक शिक्षा" भन्नाले विज्ञान तथा प्रविधि कृषि स्वास्थ्य इन्जिनियरिङ्ग हाउस वाइरिङ्ग प्लम्बिङ्ग होटल तालिम सटिइफिटी वा मान्यता प्राप्त Soft And Hard Skills जस्ता तालिम तथा उपाधिलाई जनाउँछ ।

(ज) "परीक्षा" भन्नाले छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा उम्मेदवार छनौट गर्न लिइएको परीक्षा सम्झनु पर्छ ।

(झ) "बिगो निर्धारण समिति" भन्नाले नियम २८ बमोजिमको छात्रवृत्ति सम्वन्धी विगो निर्धारण समिति सम्झनु पर्छ ।

३. छात्रवृतिको विषय स्वीकृत गर्नु पर्नेः

प्रेम बहादुर लामा



CamScanner

(१) प्रत्येक आर्थिक बर्षाको बजेट नीति तथा कार्यक्रम बनाउँदा गाउँपालिकाबाट दिईने विभिन्न किसिम तह वा स्तरको छात्रवृत्तिको विवरणा शिक्षा युवा तथा खेलकूद शाखाले तयार पारी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिका समक्ष पश गर्ने छ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको प्रस्तावनालाई गाउँ कार्यपालिकाले अनुकूल चाहिने जनशक्तिको आधारमा विश्लेषण गरी छात्रवृत्तिको विषय स्वीकृत गर्नेछ ।

(३) उपनियम (२) बमोजिम बिषय स्वीकृत भएपछि शिक्षा युवा तथा खेलकूद शाखाले स्वीकृत गरिएका छात्रवृत्तिको विषय अध्ययन वा तालिमको निमित उपयुक्त शैक्षिक संस्था तालिमको स्तर अवधि र संस्था उम्मेदवार खुला प्रतियोगिता वा अन्य छनौटको विधि अवलम्बन गरी कसरी छनौट गर्ने हो सो समेत खुलाई प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ पालिकामा पठाउने छ ।

(४) उपनियम (३) बमोजिम स्वीकृत भएका विषय मध्ये स्वदेशमै अध्ययन वा तालिमका व्यवस्था भए नभएको जाँची जिल्ला भित्र वा स्वादेशमा अध्ययन वा तालिमको व्यवस्था भए नभएको एकीन गरी स्वदेशमा भएका संस्थामा अध्ययन वा तालिम प्रदान गर्न कारवाही गर्ने छ ।

४. पहिले नै प्राप्त भई सकेका छात्रवृत्तिको विषय स्वीकृति सम्बन्धी व्यवस्थाः

गाउँपालिकाबाट छात्रवृत्ति माग हुनु भन्दा अगावै संघीय सरकार, प्रदेश सरकार वा गैह्र सरकारी संस्था वा अन्य कुनै संस्थाबाट कुनै वषयमा अध्ययन वा तालिमका लागि छात्रवृत्ति प्राप्त भएमा र सो छात्रवृत्ति राष्ट्रिय योजना अनुकूल देखिएमा गाउँ कार्यपालिकाले त्यस्तो छात्रवृत्तिको विषय स्वीकृत गरी त्यस्तो छात्रवृत्तिमा खुला प्रतियोगिता वा अन्य तरिका जनु प्रकृयाबाट उम्मेदवार छनौट हुने हो सो समेत खुलाई निर्णय गर्नेछ ।

५. स्वीकृत नभएको बिषयमा छात्रवृत्तिमा नपठाउनेः

नियम ३ वा ४ मा लेखिएको वाहेक गाउँ कार्यपालिकाबाट बिषय स्वीकृत नभएको छात्रवृत्ति प्राप्त गरिने वा त्यस्तो छात्रवृत्तिमा अध्ययन वा तालिमको निमित पठाउने छैन ।

६. छात्रवृत्ति निर्धारण समितिः

(१) छात्रवृत्ति सम्बन्धी नीति निर्धारण समन्वय तथा व्यवस्थापन गर्ने काम समेतको लागि देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति नीति निर्णारण समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक - सदस्य

(ङ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) छात्रवृत्ति निर्धारण समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा माग लिन आमन्त्रण गर्न सक्नेछ ।

(३) छात्रवृत्ति निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुने छ ।

७. छात्रवृत्ति निर्धारण समितिको काम कर्तव्य र अधिकारः

प्रेम बहादुर लामा

छात्रवृत्ति निर्धारण समिति काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा नीति निर्धाण गर्ने

(ख) छात्रवृत्ति प्राप्त गर्न आवश्यक कारवाही गर्ने

(ग) छात्रवृत्ति प्रदान गर्न विभिन्न निकायहरु वीच समन्वय कायम गर्ने

(घ) छात्रवृत्ति आरक्षण गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने

(ङ) परीक्षा सम्बन्धी आचार संहिता बनाई लागु गर्ने

(च) छात्रवृत्ति सम्बन्धमा आवश्यक अन्य काम गर्ने गराउने

८. छात्रवृत्ति छनौट समितिः

(१) खुल्ला प्रतियोगिताध्दारा छात्रवृत्ति गर्ने कार्यको लागि देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) गाउँपालिकाले मनोनयन गरेका एक जना विशेषज्ञ - सदस्य

(ग) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (ख) बमोजिमको दस्य हुनको लागि कुनै विश्वविद्यालय वा सो अन्तर्गतका निकायमा शिक्षण वा अनुसन्धानको क्षेत्रमा सकेसम्म अनुभव हासिल गरेको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम मनोनित सदस्यको पदावधि दुई बर्षको हुने छ ।

(४) छात्रवृत्ति छनौट समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रीत गर्न सक्नेछ ।

(५) छात्रवृत्ति छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. छात्रवृत्ति छनौट समितिको काम कर्तव्य र अधिकारः

(१) छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परीक्षा संचालन गर्ने प्रश्न पत्र निर्माण गर्ने तथा परीक्षा केन्द्र तोक्ने लगायत परीक्षासंग सम्बन्धित अन्य कार्यहरु गर्ने ।

(ख) परीक्षाको पाठ्यक्रम स्वीकृत गर्ने तथा मुख्य विषय तोक्ने

(ग) परीक्षाको लागि लिइने दरखास्त शुल्क तथा पुनर्योग शुल्क निर्धारण गरी गाउँपालिका समक्ष सिफारिस गर्ने

(घ) प्रमुख परीक्षक परीक्षक तथा प्रश्न पत्र निर्माण गर्ने विशेषज्ञको सूची तयार गरी अद्यावधिक बनाई राख्ने ।

(ङ) परीक्षा सम्बन्धी आचार संहिताको मस्यौदा बनाई छात्रवृत्ति निर्धारण समिति समक्ष पेश गर्ने ।

(च) परीक्षाको आचार संहिता उल्लंधन गर्ने व्यक्ति उपर आवश्यक कारवाही गर्न गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(छ) परीक्षाफल प्रकाशित भएको छ महिनापछि नियमित प्रकृया अपनाई उत्तर पुस्तिका धुल्याउने

(ज) उम्मेदवार हुनको लागि चाहिने न्यूनतम योग्यता तोक्ने ।

प्रेम बहादुर लामा

CamScanner

छात्रवृति निर्धारण समिति काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) छात्रवृति प्रदान गर्ने सम्बन्धमा नीति निर्धाण गर्ने

(ख) छात्रवृति प्राप्त गर्ने आवश्यक कारवाही गर्ने

(ग) छात्रवृति प्रदान गर्ने विभिन्न निकायहरु वीच समन्वय कायम गर्ने

(घ) छात्रवृति आरक्षण गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने

(ङ) परीक्षा सम्बन्धी आचार संहिता बनाई लागु गर्ने

(च) छात्रवृति सम्बन्धमा आवश्यक अन्य काम गर्ने गराउने

८. छात्रवृति छनौट समितिः

(१) खुल्ला प्रतियोगिताध्दारा छात्रवृत्ति गर्ने कार्यको लागि देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) गाउँपालिकाले मनोनयन गरेका एक जना विशेषज्ञ - सदस्य

(ग) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (ख) बमोजिमको दस्य हुनको लागि कुनै विश्वविद्यालय वा सो अन्तर्गतका निकायमा शिक्षण वा अनुसन्धानको क्षेत्रमा सकेसम्म अनुभव हासिल गरेको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम मनोनित सदस्यको पदावधि दुई बर्षको हुने छ ।

(४) छात्रवृत्ति छनौट समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रीत गर्न सक्नेछ ।

(५) छात्रवृति छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. छात्रवृत्ति छनौट समितिको काम कर्तव्य र अधिकारः

(१) छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परीक्षा संचालन गर्ने प्रश्न पत्र निर्माण गर्ने तथा परीक्षा केन्द्र तोक्ने लगायत परीक्षासंग सम्बन्धित अन्य कार्यहरु गर्ने ।

(ख) परीक्षाको पाठ्यक्रम स्वीकृत गर्ने तथा मुख्य विषय तोक्ने

(ग) परीक्षाको लागि लिइने दरखास्त शुल्क तथा पुनर्योग शुल्क निर्धारण गरी गाउँपालिका समक्ष सिफारिस गर्ने

(घ) प्रमुख परीक्षक परीक्षक तथा प्रश्न पत्र निर्माण गर्ने विशेषज्ञको सूची तयार गरी अद्यावधिक बनाई राख्ने ।

(ङ) परीक्षा सम्बन्धी आचार संहिताको मस्यौदा बनाई छात्रवृति निर्धारण समिति समक्ष पेश गर्ने ।

(च) परीक्षाको आचार संहिता उल्लंधन गर्ने व्यक्ति उपर आवश्यक कारवाही गर्न गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(छ) परीक्षाफल प्रकाशित भएको छ महिनापछि नियमित प्रकृया अपनाई उत्तर पुस्तिका धुल्याउने

(ज) उम्मेदवार हुनको लागि चाहिने न्यूनतम गोग्यता तोक्ने ।



प्रेम बहादुर
अध्यक्ष

CamScanner

(झ) छात्रवृति निर्धारण समितिले दिएको नीति निर्देशनलाई पालना गर्ने ।

(ञ) परीक्षा सम्वन्धी अन्य आवश्कय कार्य गर्ने ।

(ट) छात्रवृतिको छनौटको अन्तिम नामवली स्वीकृतको लागि छात्रवृति निर्धारण समिति र गाउँ कार्यपालिकामा पेश गर्ने ।

(ठ) छात्रवृति छनौटको आधार तथा मापदण्ड स्वीकृतीको लाग छात्रवृति निर्धारण समितिमा पेश गर्ने ।

(२) छात्रवृति छनौट समितले उत्तरपुस्तिका परीक्षण गर्दा कायम गर्नुपर्ने गोपनियताको प्रयोजनको लागि सो उत्तरपुस्तिकामा संकेत नम्बर (कोडिङ) राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१०. उम्मेदवारको छनौट खुल्ला प्रतियोगिताबाट गर्नुपर्ने

(१) यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा वाहेक छात्रवृतिको लागि उम्मेदवार छनौट गरेदा खुला प्रतियोगिता बाट गरिनेछ ।

(२) उपनियम (१) बमोजिम उम्मेदवार छनौट गर्दा विभिन्न विषयमा प्रदान गरिने छात्रवृतिको विषयगत रुपमा छुट्टा छुट्टै प्रतियोगितात्मक परीक्षा लिन सकिनेछ । तर कुनै व्यक्तिको लागि छुट्टै परीक्षा लिइने छैन ।

११. छात्रवृति आरक्षण गरिनेः

(१) गाउँपालिकाले प्रदान गर्ने वा गाउँपालिकाको नाममा प्राप्त छात्रवृतिलाई शतप्रतिशत मानी सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उतीर्ण गरेको विपन्न देहायका समुदाय आरक्षाण गरी सो प्रतिशतलाई शत प्रतिशत कायम गरी देहायको प्रतिशतका आधारमा वितरण गरिनेछः

(क) अतिसिमान्तकर्त आर्थिक वा सामाजिक रुपमा विपन्नका लागि पैंतिस प्रतिशत

(ख) महिलाका लागि तीस प्रतिशत

(ग) अपाङ्गका लागि पाँच प्रतिशत

(घ) जनजातिका लागि पन्ध प्रतिशत

(ङ) दलितका लागि पन्ध्र प्रतिशत

(२) उपनियम (१) को खण्ड (ख) बमोजिम महिलाका लागि आरक्षित तेतीस प्रतिशत स्थान मध्ये दश प्रतिशत स्थान दलित समुदायका महिला लागि आरक्षण गरिनेछ ।

(३) यस नियम बमोजिम आरक्षिण गरिएका स्थान र साधारण समूहको लागि छुट्याइएको स्थानलाई प्रत्येक बर्षा समायोजन गर्न सकिनेछ ।

(४) कुनै समुहको लागि छुट्याइएको स्थानमा सो समूहको दरखास्त पर्न नआएमा वा उम्दवार छनौट हुन नसकेमा त्यस्तो समूहलाई छुट्याइएको स्थान स्वतः साधारण समूहमा सर्नेछ ।

१२. गाउँपालिकाले छात्रवृतिको लागि लिइने परीक्षाको निमित देहायका कुराहरु खुलाई परीक्षा लिईने मिति भन्दा कम्तीमा पन्ध्र दिन अगावै नेपालबाट प्रकाशन हुने राष्ट्रिय स्तरको कुनै दैनिक प्त्रिका मार्फत सारेवजनिक रुपमा सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्नु पर्नेछ ।

(क) परीक्षामा उम्मेदवार हुनको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता

(ख) नियम ११ बमोजिम आरक्षण गरिएको छात्रवृतिको संख्या

प्रेम बहादुर लामा
अध्यक्ष



CamScanner

(ग) खण्ड (ख) बमोजिम आरक्षित गरिएको छात्रवृतिको लागि उम्मेदवारी दिनको लागि दरखास्त साथ पेश गर्नु पर्ने सिफारिस तथा अन्य कागजातहरुको विवरण

(घ) परीक्षा दस्तुर

(ङ) दरखास्त दिने स्थान र ढाँचा

(च) दरखास्त दिने माध्यम

(छ) परीक्षा सम्बन्धी अन्य आवश्य कुराहरु

१३. उम्मेदवार हुन चाहिने न्यूनतम योग्यताः

(१) यस कार्यविधि बमोजिम लिइने परीक्षामा उम्मेदवार हुन चाहने व्यक्तिले छनौट समितिले तोकिदिएको न्यूनतम शैक्षिक योग्यता सम्बन्धी परीक्षामा कम्तीमा पचास प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(२) उपनियम (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि छात्रवृत्ति उपलब्ध गराउने संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र गैहसरकारी संघ संस्था कुनै निकाय वा शिक्षण संस्थाले छात्रवृतिका लागि छुट्टै शैक्षिक योग्यता र उत्तीर्ण प्रतिशत तोकेको रहेछ भने सो समेत पुरा गरेको हुनुपर्नेछ ।

१४. दरखास्त बुझाउनु पर्नेः

नियम १२ बमोजिम प्रकाशित सूचना बमोजिमको परीक्षामा उम्मेदवार हुन चाहने व्यक्तिले सो सूचनामा तोकिकएको दस्तुर बुझाई सोही सूचनामा तोकिएको म्यादभित्र गाउँपालिकामा दरखास्त बुझाउनु पर्नेछ ।

१५. सिफारिस पेश गर्नुपर्नेः

(१) नियम ११ बमोजिम आरक्षित गरिएको स्थानमा उम्मेदवार हुन चाहने देहायका व्यक्तिक नियम १४ बमोजिम दरखास्त बुझाउँदाका बखत आफु सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी देहाय बमोजिमको निकायको सिफारिस पेश गर्नु पर्नेछ ।

(क) अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धीत जिल्ला प्रशासन कार्यालयबाट

(ख) जनजातिले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धीत जिल्ला प्रशासन कार्यालय वा गाउँपालिका कार्यालयबाट

(ग) दलितले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा गाउँपालिकाको कार्यालय

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नियम ११ बमोजिम आरक्षित गरिएको स्थानमा उम्मेदवार हुन चाहने व्यक्तिले नियम १४ बमिजम दरखास्त बुझाउने समयमा गाउँपलिकाल विपन्नको कारण खुलाई अनुसूची १ ख को ढाँचामा गरेको सिफारिस पेश गर्नु पर्नेछ ।

१६. खुल्ला प्रतियोगीताध्दारा उम्मेदवार छनौट गर्ने आधारः

(१) खुला प्रतियोगिताधा उम्मेदवार छनौट गर्नको लागि एक सय अंकको लिखित परीक्षा सन्चालन गरिनेछ ।

(२) उपनियम (१) मा जनुसुकै कुरा लेखिएको भएतापनि चित्रकला गायन वाद्यवादन नृत्य सिलाई जस्ता प्रयोगात्मक परीक्षाको आधारमा छनौट गर्नु पर्ने विषयमा उम्मेदवार छनौट गर्दा छात्रवृति छनौट समितिले सो सम्बन्धमा सूचना प्रकाशन गर्नु अघि नै छनौट सम्बन्धी छुट्टै आधार निर्धारण गरी उम्मेदवार छनौट गर्न सक्नेछ ।



प्रेम बहादुर लामा
अध्यक्ष

CamScanner

१७. श्रेणी वापतको अंकः

कुनै पनि व्यक्तिको अनुभवको आधारलाई मान्दा देहाय बमोजिमको हुनेछ ।

(क) डि ग्रेड भएको ० अंक

(ख) सी ग्रेड सम्म ०.५ अंक

(ग) वी ग्रेड सम्म २ अंक

(घ) ए ग्रेड सम्म ४ अंक

(ङ) ए पलस ६ अंक

१८. योग्यताक्रम कायम गर्नेः

(१) छात्रवृत्ति छनौट सिमितले नयम १४ बमोजिम सन्चालन भएको लिखित परीक्षामा कम्तीमा पचास प्रतिशत अंक प्राप्त गर्ने उम्मेदवारको मात्र योग्यताक्रम कायम गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम योग्यताक्रम कायम गरदा उम्मेदवारले त्यस्तो लिखित परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कमा यस नियमावली बमोजिम छनौट समितिले तोकेको न्यूनतम शैक्षिक योग्यताको परीक्षामा निजले प्रापत् गरेको कुल प्रतिशतको पचास प्रतिशत अंक जोडी योग्यताक्रम कायम गरिनेछ ।

(३) उपनियम (२) बमोजिम योग्यताक्रम कायम गर्न कुनै उम्मेदवारहरुको अंक वरावर हुन गएमा नियम १४ बमोजिमको लिखत परीक्षामा बढी अंक प्राफत गर्ने उम्मेदवारको योग्यताक्रम कायम गरिनेछ र लिखित परीक्षामा समेत अंक बरावर भएमा निजहरुको शैक्षिक योग्यता तथा कार्य अनुभवलाई वचार गरी गाउँ कार्यपालकाले तोकिदिएको मापदण्डको आधारमा योग्यताक्रम कायम गरिनेछ ।

(४) यस नियम बमोजिम कायम भएको योगताक्रमको सूची छनौट समितिले प्रकाशन गर्ने छ ।

(५) माथि उल्लेखित नियम उपनियमहरुमा छनौट प्रकृया सम्बन्धी जनुसुकै व्यवस्था गरिएतापनि छात्रवृती समितिले सिफारिस गरिएको अन्तिम नामावली स्वीकृत गर्ने छनौट गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

१९. योग्यताक्रम सूची कायम रहनेः

(१) छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि नियम १६ बमोजिम प्रकाशित योग्यताक्रमको मान्यता त्यस्तो योग्यताक्रमको सूची प्रकाशन भएको मितिले एक बर्ष सम्म कायम रहनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो योग्यताक्रमको सूची कुनै शिक्षण संस्थाको एक शैक्षिक सत्र भन्दा बढि अवधिको लागि उपयोग गरिने छैन ।

२०. पुनर्योग गर्न सक्नेः

(१) लिखित परीक्षामा अनुत्तिर्ण हुने कुनै उम्मेदवारले पुनर्योग गर्न चाहेमा योग्यताक्रम प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र अनुसूची २ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन सम्बन्धीत उम्मेदवारका अभिभावकले समेत दिन सक्नेछ ।

(३) उपनिमय (२) बमोजिम पुनर्योगको लागि निवेदन पर्न आएमा गाउँपालिकाले छात्रवृत्ति छनौट समितिको सदस्य सचिवको संयोजकत्वमा तीन सदस्यीय एक पुनर्योग उपसमिति गठन गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको पुनर्योग उपसमितिले सात दिनभित्र पुनर्योग गरी आफ्नो सिफारिस छात्रवृत्ति छनौट समिति समक्ष पेश गर्नु पर्नेछ ।



प्रेम बहादुर लामा
अध्यक्ष

CamScanner

(५) पुनर्योग गर्दा निवेदकको नाम योग्यताक्रम सूचीमा समावेश गर्नुपर्ने देखिएमा छात्रवृत्ति छनौट समितिले सिफारिस प्राप्त भएको तीन दिनभित्र निजको नाम समावेश गरी संशोधित योग्यताक्रम प्रकाशित गर्नुपर्ने छ र पुर्योग गर्दा निजको नाम समावेश गर्नु नपर्ने भए सो व्यहोराको सूचना गाउँपालिकाको सूचना पाटीमा टाँस्नु पर्नेछ ।

२१. उत्तरपुस्तिका गोप्य रहने:

२२. यस नियमावली बमोजिम लिइएको लिखित परीक्षाको उत्तरपुस्तिका गोप्य रहनेछ ।

२३. आवेदन पेश गर्नुपर्ने:

(१) छात्रवृत्तिमा छनौटका लागि आवदेक व्यक्तिले अनुसूची १ बमोजिमको ढाँचामा आवेदन तयार गरी गाउँपालिकामा बुझाउनु पर्नेछ ।

२४. कबुलियत गर्नुपर्ने:

(१) छात्रवृत्तिमा छनौट भई अध्ययन वा तालिममा जानु अघि त्यस्तो व्यक्तिले अनुसूची २ बमोजिमको ढाँचामा कबुलियत गरी गाउँपालिकामा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कबुलियत गर्दा सम्बन्धित व्यक्तिले नेपाल मेडिकल वोर्डमा दर्ता भएको चिकित्सकध्दारा प्रमाणित गरिएको निरोगिताको सक्कल प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।

२५. बिषय परिवर्तन गर्न दिइने छैन:

छात्रवृत्तिमा छनौट भई अध्ययन वा तालिम प्राप्त गरिएको व्यक्ति अध्ययन वा तालिमको निमित पठाइएको विषय परिवर्तन गर्न दिइने छैन । तर कुनै व्यक्तिले सम्बन्धित सरकार वा शिक्षण संस्थाको सिफारिस सहित त्यसरी अध्ययन गरेको वा तालिम लिएको विषय परिवर्तन गर्नु पर्ने स्पष्ट कारण देखाई निवेदन दिएमा र सो विषय परिवर्तन गर्न मनासिव देखिएमा गाउँपालिकाको सहमति लिई शिक्षा शाखाले सिफारिस गरेमा प्रमुख प्रशासकीय अधिकृतले विषय परिवर्तनको स्वीकृत दिन सक्नेछ ।

२६. छात्रवृतिको समयावधि थप गर्न सक्ने:

छात्रवृत्तिमा अध्ययन वा तालिमको निमित पठाइएको विषय कुनै कारणले पूर्व निर्धारित अवधिभित्र सम्पन्न हुनु नसक्ने कारण देखाइ म्याद थपको निमित कुनै व्यक्तिले आफुले अध्ययन वा तालिम गरेको संस्थाको सिफारिस साथ शिक्षा शाखा समक्ष निवेदन दिएमा सो शिक्षा शाखाले म्याद थपको निमित छात्रवृति उपलब्ध हुने नहुने कुराको विचार गरी गाउँपालिकालाई कुनै आर्थिक व्ययभार नपर्ने र भविश्यमा प्राप्त हुने छात्रवृत्तिलाई असर नपर्ने भए अध्ययन वा तालिमको म्याद थप गर्न स्वीकृत दिन सक्नेछ ।

२७. प्रतिवेदन पेश गर्नुपर्ने:

(१) छात्रवृत्ति अध्ययन वा तालिममा जाने व्यक्तिले अध्ययन सकिएको मितिले तीन महिनाभित्र अनुसूची ३ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपनिमय (१) बमोजिम प्रतिवेदन पेश भएको मितिले एक बर्ष भित्र सरकारको स्वामित्व भएको वा सरकारले आर्थिक सहायता प्रादन गरेको कुनै संस्था वा संस्थानको कुनै पदमा स्थानियको हकमा पाँच बर्ष सम्म र अस्थानियको हकमा तीन बर्ष अनिवार्य सेवा गर्न लगाउन सक्नेछ र सो बमोजिम सेवा गर्नु सम्बन्धीत व्यक्तिको कर्तव्य हुनेछ । त्यसरी सरकारले तोकेको सेवा पद र स्थान काम नगर्ने



प्रेम बहादुर लामा
अध्यक्ष

व्यक्ति सरकारको कुनै सेवा वा पद वा सरकारको स्वामित्व भएको वा सरकारले आर्थिक सहायता प्रदान गरेको संस्था वा संस्थानको कुनै पदमा नियुक्त हुन सामान्यतः अयोग्य हुनेछ । तर

(क) स्थानिय सरकारले एक बर्षको अवधि भित्र सो व्यक्तिलाई कुनै काम लगाउन नसकेमा निजलाई यो नियम लागु हुने छैन ।

(ख) स्थानिय सरकारले एक बर्षको अवधि भित्र निजलाई गैह सरकारी सेवामा प्रवेश गर्ने अनुमति दिन सक्नेछ र सो बमोजिम अनुमति दिइएकोमा निजलाई यो नियम लागू हुने छैन ।

(३) छात्रवृत्ति पाउने व्यक्ति सो छात्रवृत्तिमा अध्ययन गरी वा तालिम लिई रहेको अवस्थामा सरकारको पूर्व स्वीकृति नलिई सरकारले गरेको विषय वाहेक अन्य विषयमा वा सोही विषयमा पनि अझ उच्चस्तर अध्ययन वा तालिम लिन छात्रवृति प्राप्त गरेपछि सरकारको स्वीकृती नलिई अध्ययन वा तालिम समाप्त नगरी बीचैमा छाड्नु हुदैन ।

२८. दण्ड सजायः

(१) कुनै गाउँपालिका भन्दा वाहिरको नागरिकले गाउँपालिकाभित्रको नागरिक हुँ भनी ढाँटी छात्रवृति प्राप्त गरेमा निजबाट विगो असुल उपर गरी निजलाई १० हजार सम्म जरिवाना हुनेछ ।

(२) गाउँपालिका भन्दा वाहिरको नागरिकलाई गाउँपालिकाभित्रको नागरिक हो भनी प्रमाणित गरी वा गराइ त्यस्ता नागरिकले छात्रवृति प्राप्त गरेमा सो प्रमाणित गर्ने वा गराउने व्यक्तिलाई २० हजार सम्म जरिवाना सजाय हुनेछ ।

(३) यस कार्यविधि बमोजिम छात्रवृत्तिमा अध्ययन गर्न गएको व्यक्ति अध्ययन पुरा गरी गाउँपालिकामा सम्पर्क गर्न नआएमा निजको त्यस्तो छात्रवृत्तिमा अध्ययन गर्दा लागेको सम्पूर्ण खर्च र सरकार वा कुनै संस्थाले कुनै किसिमको अनुदान (डोनेशन) दिएको भए सो अनुदान वराबरको रकम निजलाई जरिवाना हुनेछ ।

(४) कसैले नियम २५ बमोजिमको कुनै शर्त उल्लंघन गरेमा निजलाई देहाय बमोजिमको सजाय हुनेछ ।

(क) कुनै शारीरिक वा मानसिक विरामीले गर्दा असमर्थ वा सरकारबाट पूर्व स्वीकृत लिएकोमा वाहेक शर्त बमोजिमको अवधि पुरा नगरी वीचैमा अध्ययन गर्न वा तालिम लिन छोडेमा लागत अनुसारको विगो असुल वा सोही बमोजिम रुपैया सम्म जरिवाना गरिने छ

(ख) अन्य कुनै शर्तको उल्लंघन गरेमा २० हजार रुपैया सम्म जरिवाना (४) उपनियम (३) को तात्पर्थको लागि कुनै व्यक्ति शारीरिक वा मानसिक विरामीले गर्दा असमर्थ भएको हो भन्ने कुसैले जिकिर लिएमा निजले सो कुरा नेपाल मेडिकल वोर्डध्दारा प्रमाणित गराउनु पर्छ ।

(ग) कुनै किसिमको वाहाना गरी गाउँपालिको सर्त बमोजिम सेवा नगरी गाउँपालिका छोड्ने मनसाय राखेमा निजको अध्ययन वा तालिमको अवधिभरको लागेको आर्थिक सहायता पुरा एकमुष्ट गाउँपालिकामा बुझाउनु पर्नेछ । तर

२९. विगो निर्धारण समितिः

(१) नियम २६ बमिजम छात्रवृत्ति सम्बन् विगो निर्धारण गरी गाउँ कार्यपालिका समक्ष सिफारिस गर्नको लागि देहायका सदस्यहरु रहेको एक छात्रृति विगो निर्धारण समिति रहनेछ ।

(क) न्यायिक समितिको संयोजक अध्यक्ष



CamScanner

(ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ग) शिक्षा शाखा प्रमुख सदस्य सचिव

(२) छात्रवृत्ति बिगो निर्धारण सिमितको बैठक सम्बन्धी मापदण्ड सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

३०. सरकारी बाँकी सरह असुल गरिने:

गाउँपालिकाले निर्धारण गरेको बिगो सम्बन्धित व्यक्तिले तीन महिना भित्र गाउँपालिकामा बुझाउनु पर्नेछ । सो म्याद भत्र कुनै व्यक्तिले नबुझाएमा त्यस्तो बिगो नेपाल सरकारको बाँड्की सरह असुल गरिनेछ ।

३१. दरखास्त दिन अयोग्य हुने:

कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी दरखास्त दिएको पाइएमा निजलाई दुई बर्षसम्म छात्रवृतिको लागि हुने परीक्षामा दरखास्त दिन अग्य हुने गरी सूचीकृत गरिनेछ

३२. पुन छात्रवृतिमा छनौट नगरिने:

(१) छात्रवृतिमा छनौट भएको कुनै व्यक्ति छात्रवृतिमा नगएमा वा त्यस्ती व्यक्तीले यस कार्यविधि विपरितको अन्य कार्य गरेमा निजलाई कानुन बमोजिम सजाय गरिनेछ ।

(२) गाउँपालिकाले छात्रवृतिमा नजाने वा कार्यविधि बमोजिम सजाय पाएको व्यक्तिको विवरण अध्यावधिक गराई राख्नेछ ।

३३. छात्रवृति उपलब्ध गराउने:

कुनै व्यक्ति अध्ययन वा तालिमको लागि छनौट भएका निजलाई अध्ययन सम्बन्धी प्रकृया पुरा गरेपछि जुन विद्यालय वा संस्थाको लागि छनौट गरी अध्ययनरत रहेको विद्यालय वा संस्थाको खातामा नियमानुसार एकमुष्ट वा अर्धबार्षिक रुपले छात्रवृति रकम गाउँपालिकाले निकासा दिइनेछ ।

३४. नियम बनाउने गाउँपालिकाको अधिकार:

(१) संविधानले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले आफ्नो उद्येश्य कार्यान्वयन गर्नको लागि नियमहरु बनाउने सक्नेछ ।

(२) नियम (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकुल प्भाव नपारी देहायको विषयहरुमा समेत नियम बनाउन सकिनेछ:

(क) छात्रवृतिको विषय स्वीकृति गर्ने

(ख) उम्मेदवार छनौट गर्ने तरिका

(ग) छात्रवृत्तिको अवधि थप्ने

(घ) तालिम सकिएमछि प्रतिवेदन गर्ने

(ङ) सरकारी कर्मचारीलाई अध्ययन सम्बन्धी विदा दिने

(३)

३५. अनिवार्य काम गर्नुपर्ने:

(१) यस कार्यविधि बमोजिम गाउँपालिकाबाट वा गाउँपालिकाको नामबाट कुनै सरकारी वा गैहसरकारी संघ संस्था र अन्य शैक्षिक संस्थाहरुबाट कुनै व्यक्ति वा सरकारी तथा गैह सरकारी कर्मचारीहरु छात्रवृतिमा अध्ययन वा तालिमको सुविधा लिई योग्यता हासिल गरेमा निजले यस गाउँपालिकामा स्थानियवासी



प्रेम बहादुर लामा
अध्यक्ष

भए कम्तीमा पाँच बर्ष र अस्थानिय कर्मचारी भए कम्तीमा ३ बर्ष अनिवार्य सम्बन्धीत क्षेत्रमा नियमानुसार सेवा गर्नु पर्नेछ ।

(२) निजको अप्रिय घटना वा स्वास्थ्य समस्या वाहेक अन्य विषयलाई लिएर गाउँपालिका छोड्न पाउने छैन । यदि यसो भएको खण्डमा दफा २२ बमोजिम भएको कबुलियतनामा र दफा २६ को नियम बमोजिम हुने छ ।

३६. अन्य व्यवस्थाः

(१) यस गाउँपालिकाको कुनै पनि सरकार संस्थामा नेपाल सरकारको नियम अनुसार कुनै कर्मचारीको सेवावधि पुरा भएको र निजलाई छात्रवृति दिदा कुनै स्थानियवासीलाई असर नपर्ने र बरु भविश्यमा फाईदा पुग्ने ठहर भएमा निजलाई छात्रवृत्ति दिन कुनै वाधा परेको मानिने छैन ।

(२) यस्ता कर्मचारीहरुको विषय, अवधि र छनौट प्रकृया यसै कार्यविधि अनुसार गरिने छ ।

प्रेम बहादुर लामा
अध्यक्ष

अनुसूची १

(नियम २२ को उपनियम (१) संग सम्बन्धीत)

<u>आवेदनको ढाँचा</u>

श्री ...................गाउँपालिका

................................... हुम्ला ।

<u>विषयः छात्रवृतिमा छनौट गरिपाउँ ।</u>

म श्री ..................................... नाति/नातिनी श्री ..................................... को छोरा/छोरी जिल्ला ..................................... गाउँपालिका ..................................... वडा नं मा स्थायी बसोबास भएको म ..................................... गाउँपालिकाबाट ..................................... बिषयमा ..................................... संस्था/देशमा निशुल्क / आशिक / सशुल्क अध्ययन/तालिमका गर्न छात्रवृतिमा छनौट गर्नका लागि यो आवेदन लेखि यस गाउँपालिकामा पेश गरेको छु । सो अध्ययन वा तालिम पुरा हुना साथ छात्रवृति सम्बन्धी कार्यविधि २०८१ बमोजिम गर्नु पर्ने सम्पूर्ण काम गर्नेछु । साथै मैले ईच्छाएको बिषयमा अध्ययन/तालिम गर्नका लागि मेरो सबै कागजातहरु संलग्न राखि यसै निवेदन साथ पेश गरेको छु । छात्रवृतिमा छनौट गरी दिन हुन अनुरोध गर्दछु ।

<u>आवेदक</u>

(१) नामः

(२) आवेदकको सही

(३) सम्पर्क ठेगानाः

(४) सम्पर्क नम्बरः

(५) मितिः

प्रेम बहादुर लामा
अध्यक्ष

अनुसूची २

(नियम २३ को उपनियम (१) संग सम्बन्धीत)

## कबुलियतनामा

श्री ...................................... नाति/नातिनी श्री ...................................... को छोरा/छोरी जिल्ला ...................................... गाउँपालिका ...................................... वडा नं मा स्थायी बसोबास भएको मिति ...................................... मा जन्मेको म ...................................... गाउँपालिकाबाट ...................................... बिषयमा अध्ययन/तालिमका लागि ...................................... संस्था/देशमा निशुल्क / आशिक / सशुल्क छात्रवृतिमा छनौट भएकोले सो अध्ययन वा तालिम पुरा हुना साथ छात्रवृति सम्बन्धी कार्यविधि २०८१ बमोजिम गर्नु पर्ने सम्पूर्ण काम गर्नेछु । सो बमोजिम नगरेमा मैले छात्रवृति वापत पाएको आर्थिक सुविधा र अध्ययन/तालिममा जाँदा आउँदा लागेको यातायात खर्च लगायत मैले प्राप्त गरेको अन्य खर्च वापतको रकम समेत बुझाउने छु । सो रकम मैले नबुझाएमा मेरो घर धरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मन्जुरी भएकाले सो बमोजिम कबुलियतनामा गरी ...................................... मार्फत गाउँपालिकामा बुझाएँ ।

ल्याप्चे सही छाप छात्रवृति पाउनेको सही

नामः

सम्पर्क ठेगानाः

सम्पर्क नम्बरः

मितः

नोटः

१. अध्ययन वा तालिम समाप्त भए पश्चात तोकिएको समयभित्र गाउँपालिकामा प्रतिवेदन पेश गर्ने ।

२. अध्ययन समाप्त भए पश्चात तोकिएको अवधिसम्म अनिवार्य काम गर्नुपर्नछ ।

प्रेम बहादुर लामा

अनुसूची १ (ख)

(नियम १५ को उपनियम (३) संग सम्बन्धित)

श्री ...................................... गाउँपालिका

विषयः विपन्नको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ...................................... को नाति/नातिनी श्री ...................................... को छोरा/छोरी ........................ जिल्ला...................................... गाउँपालिका/ ..............पालिका ..............वडा नं बस्ने बर्ष ...... को श्री/सुश्री/श्रीमति...................................... मिति .................................. देखि ...................................... सम्म .............................. समुदायिक वा कलजेमा अध्ययन गरी एस एल सी/माध्यमिक तह/प्रमाणिता प्रमाण पत्र तह/स्तानक/स्नातोकोत्तर उतीर्ण गरेका विद्यार्थी हुन । निज ...................................... कारणले विपन्न भएको देखिदा निजलाई व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृतिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ । माथि लेखिएको व्यहोरा साँचो हो झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

सिफारिस गर्नेकोः

कार्यालयको छाप

सहीः

नामः

पदः

कार्यालयः

मितिः

प्रेम बहादुर लामा
अध्यक्ष



CamScanner

अनुसूची २

(नियम २० को उपनियम (१) संग सम्बन्धित)

पुनर्योग गर्न दिइने निवेदन

श्री ................................ गाउँपालिका

................................ हुम्ला

विषयः पुनर्योग सम्बन्धमा ।

त्यस गाउँपालिकाबाट मिति ................................ मा छात्रवृत्तिको लागि लिइएको ................................ समूह/विषयका लागि लिखित परीक्षामा रो नं ................................ भएको म/मेरो छोरा/छोरी/नाती/नातिनी/श्रीमति ................................ ले ................................ अंक प्राप्त गरेकोमा म/मेरो/हाम्रो चित नबुझी सो विषयमा पुनर्योग गर्न चाहेकोले नियमानुसार लाग्ने शुल्क रु ................................ यसै साथ राखी यो निवेदन पेश गरेको छु ।

विद्यार्थी वा अभिभावकको सहीः

नामः

ठेगानाः

मितिः

प्रेम बहादुर लामा
अध्यक्ष

अनुसूची २

(नियम २० को उपनियम (१) संग सम्बन्धित)

पुनर्योग गर्न दिइने निवेदन

श्री .................................. गाउँपालिका

.................................. हुन्दा

विषय: प्रतिवेदन पेश गरेको सम्बन्धमा ।

.................................., .................................. बाट छात्रवृत्तिमा छनौट भई .................................. सरकार वा संस्थाको छात्रवृत्तिमा वि सं / सन् .................................. मा .................................. विषयमा अध्ययन/तालिम गर्न गएकोमा सो अध्ययन /तालिम सम्पन्न गरेकोले निम्न विवरण सहितको यो निवेदन पेश गरेको छु ।

प्रतिवेदकको सही

नाम:

ठेगाना:

मिति:

उल्लेख गर्नुपर्ने विवरण

(क) अध्ययन वा तालिमको विषय:

(ख) अध्ययन वा तालिम दिएको संस्थाको नाम र ठेगाना:

(ग) अध्ययन वा तालिममा गएको स्थान:

(घ) हासिल गरेको शैक्षिक योग्यता वा तालिम:

(ङ) अध्ययन वा तालिम समाप्त भएको मिति:

(च) विदेशमा अध्ययन वा तालिममा गएको भए नेपाल आइपुगेको मिति:

(छ) अध्ययन वा तालिम अवधिभर अध्ययन संस्थानमा प्रयोग भएको पाठ्यक्रम आफ्नो विषयसंग सम्बन्धित सबै तहको पाठ्यक्रमको एक प्रति संलग्न हुनु पर्ने:

(ज) अध्ययन वा तालिम लिदा आई परेका समस्याहरु:

(झ) अध्ययन वा तालिम लिदा भएको खर्च:

(ञ) हवाई टिकट खर्च (हवाई मार्ग प्रयोग गरेको भए टिकट मूल्य) १. जाँदा २. फर्किदा:

(ट) हवाई मार्ग प्रयोग नगरी अन्य कुनै साधन प्रयोग गरेको भए सो वापतको लागेको खर्च १. जाँदा २. फर्किदा:



प्रेम बहादुर लामा
अध्यक्ष

(ठ) अध्ययन वा तालिम अवधिभर कुनै मान, पदवी र पुरस्कार प्राप्त गरेको भए सो को विवरण (प्रमाण पत्रको प्रतिलिपी) पेश गर्नु पर्नेछः

(ड) अध्ययन अवधिमा विषय परिवर्तन गरे नगरेको (यदि गरेको भए) पुरा विवरण उल्लेख गर्ने:

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत

प्रेम बहादुर लामा